## कार्यापालिकाको तेस्रो बैठक का निर्णयहरु

## बैठक सन्चालन मिति २०७९/०६/३० गते

**प्रस्तावहरु :**

(क) डाक्टरहरुलाई उपलब्ध गराईएको सुबिधाको रकम अनुमोदन सम्बन्धमा,
(ख) वडाबाट गरिने निशुल्क सिफारिश सम्बन्धमा,
(ग) कित्ताकाट सिफारिश गर्दा पूर्वाधार विकास शुल्क असुल गर्ने सम्बन्धमा ।

निर्णय नं. १

यस नगरपालिका अन्तरगतको सामाजिक विकास समितिको मिति २०७८/६/८ को निर्णय अनुसार खैरहनी पि.एस.सी. मा काम गर्ने डाक्टरहरु तथा कार्यालय सहयोगीलाई हाजिर भई काम गरेको दिनको आधारमा यातायात खर्च र खाजा खर्च २०७८ श्रावण देखि उपलब्ध गराउने भनी निर्णय भएकोमा २०७८ श्रावण देखि कार्तिकसम्मको रकम भुक्तानी भई सकेको, २०७८ कार्तिक देखी २०७९ आषाढ मसान्तसम्मको जम्मा यातायात खर्च रु.८१,६००।-, खाजा खर्च रु.९४,८००।- गरी जम्मा रु.१,७६,४००।- भुक्तानी हुन बाँकी रहेकोमा गत वर्षको भुक्तानी दिन बाँकी बजेटमा समावेश रु.९२,४००।- भएकोले नपुग बाँकी रकम रु.८४०००।- प्रोत्साहन भत्ता शिर्षकबाट भुक्तानी गर्ने गरी नगरप्रमुखबाट भएको निर्णयलाई अनुमोदन गरी दुबै रकम भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. २

नगरसभाले कुनैपनि सिफारिश गर्दा राजस्व छुटको व्यवस्था नगरेको, वडा कार्यालयहरुबाट गरिने सिफारिशमा कतिपय सिफारिश निशुल्क गरिने गरेको र सबै सिफारिशहरुमा राजस्व असुल गर्न समेत नमिल्ने भएकोले देहाय बमोजिमका सिफारिशहरुलाई निशुल्क सिफारिश गर्ने र उल्लेखित शिर्षक देखि बाहेकका शिर्षकहरुमा नियमानुसार राजस्व असुल गर्ने व्यवस्थाको लागि वडा कार्यालयहरुलाई जानकारी गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

(क) नगरपालिकामा गरिने सिफारिशहरु जस्तै : योजना सम्झौता, उपभोक्ता समिति गठन, योजनाको म्यादथप, योजनाको रकम भुक्तानी, नगरमा योजना माग, उपभोक्ता समितिको खाता खोल्न सिफारिश, अपाङ्ग परिचयपत्र सिफारिश, राजस्व दाखिला पत्र, कार्यबाहाक भएको पत्र, बरबुझारथ गरेको पत्र, एकल महिलाले अर्को बिबाह नगरेको सिफारिश, आमोद कमोद गरेको सिफारिश ।

(ख) अन्य निकायमा गरिने सिफारिश जस्तै : अन्य निकायमा योजना माग सिफारिश, दलित तथा जनजातिमा पर्ने भनी सिफारिश गर्दा अति विपन्न भई सिफारिश दस्तुर दाखिला गर्न नसक्ने अवस्था भएमा वडा अध्यक्षले निशुल्क सिफारिश गरी दिन सक्ने (सो व्यहोरा सिफारिश पत्रको कार्यालय प्रतिमा जनाउने), अति विपन्न परिवार सिफारिश, विपन्न परिवार औषधी उपचार सिफारिश, जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ताको लागि बैङ्क खाता खोल्न सिफारिश, जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ताको झिक्नको लागि बैङ्कलाई सिफारिश, विपद् जोखिमको समयमा गरिने विभिन्न सिफारिश, छात्रवृतिको लागि गरिने सिफारिश ।

निर्णय नं. ३

स्थानीय भूउपयोग परिषद्ले जग्गाको वर्गिकरण सहित कित्ताकाटको सिफारिश माग भएका जग्गाको यस परिषदले निर्णय गरे पश्चात मालपोत कार्यालय तथा नापी कार्यालयमा सिफारिश गर्दा निम्नानुसारको पूर्वाधार विकास शुल्क असुल गर्ने व्यवस्थाको लागि सिफारिश गरेकोमा यस नगरपालिकाको एघारौं नगरसभाको निर्णय नं. ८ मा नगरसभा नबसेको अवस्थामा नगरसभाले गर्ने कार्य गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय अनुसार तपसिल बमोजिमको कित्ताकाट सिफारिशमा तपसिल बमोजिमको राजस्व असुल गर्ने निर्णय गरियो ।

(क) अंशवण्डा गर्ने प्रयोजनको लागि कित्ताकाट गर्दा नगरसभाबाट स्वीकृत दररेट अनुसार राजस्व लिने ।

(ख) आफ्नो पैत्रिक सम्पतिलाई घरायसी तथा पारिवारीक समस्या समाधानको लागि एक आर्थिक वर्षमा एक मात्र कित्ताकाटको लागि माग गरेमा वा तिनपुस्ता भित्रको बकस पास गर्दा मालपोत कार्यालयले रजिष्ट्रेसन पारित गर्ने प्रयोजनको लागि तोकेको न्यूनतम मूल्याङ्कनका आधारमा हुने रकमको ०.२ प्रतिशत पूर्वाधार विकास शुल्क लिने ।

(ग) एक वा एक भन्दा बढी व्यक्तिहरुले साँधसिमाना मिलानको लागि सट्टा पट्टा तथा किनबेच गर्दा मालपोत कार्यालयले रजिष्ट्रेसन पारित गर्ने प्रयोजनको लागि तोकेको न्यूनतम मूल्याङ्कनका आधारमा हुने रकमको ०.२ प्रतिशत पूर्वाधार विकास शुल्क लिने ।

(घ) अन्य जुनसुकै प्रकारबाट कित्ताकाट गरी खरिद बिक्री गर्न माग गरेमा कित्ताकाट भई बिक्री हुने किताको मालपोत कार्यालयले रजिष्ट्रेसन पारित गर्ने प्रयोजनको लागि तोकेको न्यूनतम मूल्याङ्कनका आधारमा हुने रकमको १.० प्रतिशत पूर्वाधार विकास शुल्क लिने ।